आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेशले प्रादेशिक आपतकालीन कार्य सञ्चालन केन्द्रबाट प्राप्त विवरणको आधारमा यो स्थिति रिपोर्ट तयार पारिएको छ। यसले कोशी प्रदेशका विभिन्न स्थानमा २०८१/०६/११ देखि २०८१/०६/१४ गतेसम्म अत्यधिक वर्षाका कारण बाढी र पहिरोको क्षतिपछिको अवस्थालाई समेटेको छ।

## मुख्य घटनाहरू


१. मनसुनजन्य बाढी र पहिरो कारण कोशी प्रदेशमा १८ जनाको ज्यान गएको छ र ११ जना घाइते भएका छन्।

२. विपद्बाट ७ जना व्यक्तिहरु बेपत्ता भएका छन्।

३. करिब १६४८ जना व्यक्तिहरू विस्थापित भएका छन्। ३८ निजी आवास पूर्ण रूपमा क्षतिग्रस्त भएका, ४३४ घर विस्थापित भई स्थानान्तरण गरिएको छ।

४. ५ वटा पक्की पुल, १ वटा बेली ब्रिज, ६ वटा झोलुङ्गे पुल सहित १२ पुलमा क्षति भएको छ। कोशी प्रदेशमा पाँचथरको मेची राजमार्गमा रहेको हेवा खोला माथिको बेली ब्रिज, इलाम संडाकपुरलाई जोड्ने रति खोला माथिको स्थायी पुल, र उदयपुर-खोटाङलाई जोड्ने सुनकोशी नदीमाथिको स्थायी पुल, फोक्सिङ्टार र खोटेहाङ जोड्ने पक्की पुल, पाँचथरको त्रिवेणी खोला र फेमेखोलामा रहेको पुल पनि पूर्ण रूपमा क्षति भएका छन्।

५. सप्तकोशी नदीमा पानीको प्रवाह ५६ वर्षको सबैभन्दा उच्च स्तरमा पुगेको छ, सप्तकोशी नदीको पानीको डिस्चार्ज ६,४३,०४० क्यूसेक छ।




कोशी प्रदेशका प्रभावित जिल्ला देखाउने नक्सा

६. सुनसरी बराहक्षेत्र कोशी नदीको बिच-टप्पुमा भैंसी पालन गर्दै बस्ने २२ जना मानिसहरूलाई सुरक्षाकर्मीहरूद्वारा उद्धार गरिएको छ। सप्तकोशीको पानीको बहाबले जिल्ला उदयपुर बेलका न.पा. ८ सोमबारे बस्ने १२७ जना मानिसहरूलाई उद्धार गरिएको छ।




सगरमाथामा राजमार्ग अन्तरगतको खोटाङ र उदयपुर जोड्ने फोक्सिङ्टारको पुल पूर्ण क्षतिग्रस्त पूर्ण क्षतिग्रस्त हुनु पूर्व र भएपछी।



सप्तकोशी नदीमा पानीको प्रवाह ५६ वर्षको सबैभन्दा उच्च स्तरमा पुगेको छ, सप्तकोशी नदीको पानीको डिस्चार्ज ६,४३,०४० क्यूसेक छ।

# क्षति र नोक्सान

| जिल्ला | मृत्यु | | | घाइते | | | बेपत्ता | | | विस्थापित जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| धनकुटा | | २ | २ | | ३ | ३ | | | | ८१ जना (२१ घर) |
| सोलुखुम्बु | १ | ४ | ५ | | १ | १ | | | | |
| इलाम | १ | | १ | | | | | | | ११ जना (४ घर) |
| पाँचथर | ३ | ३ | ६ | १ | १ | २ | २ | ३ | ५ | २३ जना (६ घर) |
| तेह्रथुम | | | | | | | | | | |
| मोरङ्ग | | | | | | | | १ | १ | २२० (५५ घर) |
| झापा | १ | १ | २ | | | | | १ | १ | ९५६ जना (२३९ घर) |
| उदयपुर | | १ | १ | १ | | १ | | | | २९३ जना (९५ घर) |
| संखुवासभा | | | | २ | | २ | | | | |
| सुनसरी | | | | १ | | १ | | | | |
| ओखलढुङ्गा | | १ | १ | | | | | | | ४९ जना (९ घर) |
| भोजपुर | | | | | १ | १ | | | | १५ जना (५ घर) |
| जम्मा | ६ | १२ | २० | ५ | ६ | ११ | २ | ५ | ७ | १६४८ जना (४३४ घर) |

| जिल्ला | पूर्ण क्षतिग्रस्त घर | बाटो अबरुद्ध | पुल क्षति | जलविद्युत क्षति | सवारी साधन क्षति | गाईवस्तु क्षति | पंछी क्षति | कृषि भूमि क्षति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| धनकुटा | ६ | १ | | | २ | ४२ | २५ | | |
| इलाम | २ | ७ | | | | | | | |
| मोरङ्ग | १ | | | | | | | | |
| झापा | | १ | २ | | | | १२०० | | |
| ओखलढुङ्गा | | १ | ३ | | | १ | | | |
| उदयपुर | १६ | ३ | ३ | | | | | | |
| खोटाङ | २ | ३ | | | | | | | |
| तेह्रथुम | २ | | | | | ५ | | | |
| पाँचथर | ७ | | २ | | | ५ | | | |
| भोजपुर | | | २ | | | ५ | | | |
| सोलुखुम्बु | २ | | | | | २ | | | |
| सुनसरी | | ३ | | | | | | | |
| जम्मा | ३८ | १९ | १२ | ० | २ | ६० | १२२५ | ० | |

## सिंचाइमा क्षति

| विवरणहरू | अनुमानित क्षति |
|---|---|
| सुनसरी-मोरङ सिंचाई परियोजनामा १० वटा शाखा नहर | ५०,००,००० |
| कोशी पम्प-चन्द्र नहर परियोजना | ५,००,००० |

## प्रतिकार्य



सप्तकोसी नदीमा आएको बाढीका कारण ठाकुरबारी, टिक्री चिलिया टाप्पुमा थुनिएका व्यक्तिहरूको उद्धारका लागि प्रदेश सरकारका मुख्यमन्त्री म. हिक्मतकुमार कार्की, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका निमित्त सचिव कमलबहादुर थापा, प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख जुट्दै।

- असोज १३ गतेमा, कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय लिला बल्लभ अधिकारीज्यूको अध्यक्षतामा बसेको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकले प्रदेशको हालको क्षति र नोक्सानीको बारेमा जानकारी लिई विपदमा परेको जनमानसलाई खोज, उद्धार र राहतका लागि तत्परताका साथ कार्य गर्ने, विस्थापित घरहरूलाई राहत उपलब्ध गराउने, अबरुद्ध सडकहरूलाई सुचारु गर्ने, र घाइतेहरूलाई तत्काल उपचार व्यवस्था गर्ने निर्णय गरिएको छ। हाल अबिरल वर्षाका कारण सिर्जना भएका मन्सुनजन्य विपद् व्यवस्थापन गर्न प्रदेशका ९ वटा क्लस्टरहरूले आफ्नो जिम्मेवारी अनुसारको कार्यलाई तत्परताको साथ अगाडि बढाउन सम्बद्ध पक्षलाई ध्यानाकर्षण गराएको छ।
- सुनसरी बराहक्षेत्र कोशी नदीको बिच-टाप्पुमा भैंसी पालन गर्दै बस्ने २२ जना मानिसहरूलाई उद्धार गरिएको छ। सप्तकोशीको पानीको बहाबले जिल्ला उदयपुर बेलका न.पा. ८ सोमबारे बस्ने १२७ जना मानिसहरूलाई उद्धार गरिएको छ।
- मोरङ जहँदा गा.पा.-१, २ धुनि टोल र बिरपुर बस्तीमा अविरल वर्षाको कारण सिंघिया खोलामा पानी बाढी आएर विस्थापित ८७ घर परिवारलाई नेपाल रेडक्रस बिराटनगरको सहयोगमा प्रति घर १ बोरा भुजा, २ के.जि. चिउरा, नुन, १ के.जि., र १ प्याकेट तेल वितरण गरिएको छ।
- त्यस्तै, मोरङ जहदा गाउँपालिका ०७ मा ६ घर परिवारलाई प्रति घर २० किलो चामल, २ किलो दाल, १ किलो नुन, २ लिटर खाने तेल, र १/१ कार्टुन चाउचाउ वितरण गरिएको छ। जहदा गाउँपालिका ०७ नम्बर वडा कार्यालय र रेडक्रस सोसाइटीले २८० घर परिवारलाई प्रति घर ५ किलो भुजा, २ किलो चिउरा, १ किलो नुन, र १ लिटर खाने तेल वितरण गरेका छन्।

### आवश्यकता र प्राथमिकताहरू

- बाढी र पहिरोबाट पूर्णरूपले घर गुमाएका विपद् प्रभावितहरूको लागि अस्थायी आश्रयस्थल प्रदान गर्नुपर्नेछ र प्रभावित व्यक्ति-हरूको संख्यालाई ध्यानमा राख्दै पाल, कम्बल, म्याट्रस, टेन्ट र शौचालयहरू आवश्यक छन्।
- बालबालिका, गर्भवती महिलाहरू, र वृद्ध-वृद्धा जस्ता अत्यधिक कमजोर समूहहरूको पोषण आवश्यकतामा सूखा फलफूल र पौष्टिक खाना प्रदान गर्नुपर्नेछ।
- बाढी र पहिरो प्रभावित क्षेत्रमा सुरक्षीत पानीको पहुँच अत्यन्तै महत्वपूर्ण छ र त्यसको लागि स्थानीय स्तरमा पानी शुद्धीक-रणका उपायहरूको व्यवस्था गर्न आवश्यक देखिएको छ।
- रोगको प्रकोप र फैलावट रोक्नको लागि पानीसम्बन्धी स्व-च्छता र सरसफाईका प्रयासहरू महत्त्वपूर्ण छन्। स्वच्छता हकहरूको उपलब्धता, उच्च हाइजिनको अभ्यासको प्रवर्द्धन, र अस्थायी शौचालयहरूको व्यवस्थापन प्रमुख आवश्यकता देखिएको छ।



- अस्थायी आश्रयस्थलहरूको सुरक्षीत व्यवस्थापनको लागि सामुदायिक स्तरमा जानकारी प्रदान गर्न, चेनिङ्ग गर्न, र गैरखाद्य सामाग्रीहरूको सुरक्षीत प्रयोगको लागि ५०० वटा सूचना, स्वास्थ्य र संचार सामग्रीहरू आवश्यक छन्।
- त्यसै गरी, सामुदायिक स्तरमा विपद्ले पुर्याएको क्षतिसँग सम्बन्धित मूल्याङ्कन सुरु गर्न र प्राथमिक क्षति मूल्याङ्कन तथा तथ्यांक संकलनका लागि स्थानीय सरकारका प्राविधिक कर्मचारीहरूलाई प्राविधिक सहयोग र प्रशिक्षण प्रदान गर्न आवश्यक छ।
- पहिरोका कारण राजमार्गमा थुनिएका व्यक्तिहरूको लागि उद्धार र राहत।
- खाना र अन्य मानवीय सामाग्रीको व्यवस्था।
- प्रभावित क्षेत्रमा सञ्चार नेटवर्क र विद्युतको पुनर्स्थापन।

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश आपतकालीन कार्य सञ्चाल केन्द्र
कोशी प्रदेश, विराटनगर, नेपाल